Aasaman Nepal
✓ Education
✗ Child Labor

आसमान-नेपाल
Aasaman - Nepal
Janakpurdham, Dhanusha
Estd. 1999 A.D.

जि.प्र.का. धनुषा दर्ता नं. ६१३/०५५/२०५६
स.क.परिषद् दर्ता नं: १०३६५/२०५६

# कर्मचारी आवश्यकता सम्वन्धी सूचना

स्ट्रीट चाइल्ड अफ नेपाल (Street Child of Nepal- SCoN) को आर्थिक र प्राविधिक सहयोग तथा यस चौकुने गाँउपालिका सुर्खेत, त्रिवेणी र कपुरकोट गाँउपालिका सल्याको समन्वयमा आसमान नेपालद्धारा संचालन गरिएको (Build the Basics (BTB): Improving Foundational Learning to Close the Learning Gap) परियोजना अन्तरगत तल उल्लेखित पदमा योग्य नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरीएको छ।

**विवरण :**

| | |
|---|---|
| **पद :** | **सिकाई सल्लाहकार (Teaching Learning Mentor)** |
| **माग संख्या :** | चौकुने गाँउपालिका, सुर्खेत (१ जना) कपुरकोट गाँउपालिका सल्यान (१ जना) र त्रिवेणी गाँउपालिका सल्यान (१ जना) |
| **कार्यक्षेत्र :** | चौकुने, कपुरकोट र त्रिवेणीको सम्वन्धीत गाँउपालिका भित्र। |
| **न्यूनतम योग्यता:** | शिक्षा बिषय लिएर १०+२ वा सोसरह अध्ययन गरी कम्तिमा २ बर्ष विशेष गरी शिक्षा परियोजनामा बालिका तथा समावेशी शिक्षा कार्यक्रमहरुको कार्य अनुभव भएको। |
| **उमेर हद :** | कामको प्रकृति अनुसार २१ देखि ४५ बर्ष सम्मका उम्मेदवारहरुले मात्र माथिको पदका लागि आवेदन दिन योग्य हुनेछन्। |

**कार्य जिम्मेवारी :**

**तोकिएको पालिका अन्तर्गतका विद्यालयहरुमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मंन्त्रालयले कार्यान्वयनमा ल्याएको Real plan को उद्देश्यहरु परिपुर्ति गर्न देहायका काम गर्ने गराउने।**

- Real plan अन्तर्गतका शैक्षिक दृष्टिकोण अनुसार Teaching at the Right Level (TaRL) शिक्षण विधि र पाठ्यक्रम ढाँचा बारे गहिरो बुझाई राखि विद्यालय तथा पालिका स्तरमा कार्यक्रम अभिमुखिकरणका लागि सहयोग गर्ने।
- विद्यार्थीहरुको नियमित सिकाई स्तर मुल्यांकन गर्न र नतिजाको विश्लेषण गरि कमीकमजोरी पहिल्याउन र सिकाई स्तर अनुसारको समूह विभाजन गरि उचित शैक्षणिक गतिविधि र शैक्षिक सामग्रीहरु प्रयोग गरी उपचारात्मक कक्षा संचालन गर्न सहयोग गर्ने।
- TaRL निर्देशिकासँगै राष्ट्रिय पाठ्यक्रम सहितको वृहत पाठ योजनाहरु निर्माण गरि कक्षाकोठाको व्यवस्थापन र शिक्षण सिकाई अभ्यास गर्न र विद्यार्थीहरुको संलग्नतामा स्तर मापन कार्यमा सहयोग गर्र्ने।
- शिक्षकहरुलाई प्रभावकारी शिक्षण रणनीति, विधि, निर्देशात्मक स्रोत, आवश्यक सामग्रीहरु, शिक्षण सीप र नविन विद्यार्थी केन्द्रित शिक्षण अभ्यासहरु लागु गर्न मद्दत गर्ने।
- शिक्षकहरुलाई रचनात्मक प्रतिकृया, सुधार गर्ने क्षेत्र तोक्नुको साथै सुधारका रणनीति, शिक्षकहरु बिचको सहकार्यलाई बढावा दिने, उत्कृष्ट अभ्यास र अनुभवहरुलाई साँझा गर्ने।

Aasaman Nepal
Estd. 1999 A.D.
✓Education
✗ Child Labor

- शिक्षकहरुको व्यवसायिक विकासका आवश्यकताहरु पहिचान गरि शिक्षक विकासका विद्यालय प्रशासक, शिक्षा अधिकारी र स्थानीय पालिकाको सहयोगमा प्रशिक्षण, गोष्ठि, कार्यशाला तथा अन्तरकृया संचालन गर्न सहयोग गर्ने ।
- विद्यालय, समुदाय र अन्य सरोकारवालाहरुसँग नियमित बैठक, अन्तरकृया र प्रशिक्षण मार्फत कार्यक्रम तथा कृयाकलापहरुको बारेमा जानकारी अदान–प्रदान गर्ने ।
- नेपाल सरकार शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालयको ReAL Plan मा उल्लेखित Diagnostic Tool को प्रयोग गर्न र विद्यार्थीहरुमा आएको सिकाई उपलब्धीको तथ्यांकहरु शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अभिलेख व्यवस्थापन गर्न सहयोग गर्ने ।
- TaRL Instructor सँग विभिन्न कृयाकलापको प्रगति, समस्या र चुनौती जानकारी गराउनुको साथै कार्यक्रमको प्रगती प्रतिवेदन तयार गरि उपलब्ध गराउने ।
- पालिका तथा संस्थाले समय–समयमा तोकि दिएको अन्य कार्य गर्ने ।

| | |
|---|---|
| **परिक्षाको किसिम :** | लिखित र अन्तरवार्ता । |
| **दरखास्त दिने अम्तिम मिति :** | **२०८० असोज २२ गते साझ ५ वजे सम्म (तदानुसार ९ अक्टुवर २०२३)** |
| **दरखास्त दिने ठेगाना :** | चौकुने, कपुरकोट र त्रिवेणी गाँउकार्यपालिकाको कर्यालय सुर्खेत र सल्यान । दरखास्त दिदा आफ्नो वायोडाटा र निवेदन अनीवार्य पेश गर्नु पर्ने छ । |
| **सेवा तथा सुविधा :** | संस्थाको नियमानुसार हुने छ । |
| **अन्य विशेषताहरु:** | कामको उत्कृष्ट गुणस्तर र उच्च मापदण्ड प्रति प्रतिबद्धता, बलियो संचारकौशल, टोली निर्माण र इच्छाशक्ति, राम्रो सेवा प्रदान गर्न बलियो संजाल, पारस्परिक सीप, तनाव र आपतकालिन अवस्थामा सहज र राम्रो सेवा प्रदान गर्न उत्प्रेरित गर्ने । |

आसमान नेपाल जोखिममा रहेका नागरिक र बालबालिकाको शोषण र दुरव्यवहार प्रति शुन्य सहनशीलता कायम गरेको छ । हामी हाम्रा सबै कर्मचारी अथवा स्वयंसेवकहरुले बालबालिका, युवा र जोखिममा रहेका वयस्कहरुलाई हानि हुनबाट जोगाउन र हाम्रो सुरक्षा नीतिको पालना गर्दैछौ भनी सुनिश्चित गर्ने अपेक्षा गर्दछौं ।

**नोट : कार्यक्रम र यस विषयमा विस्तृत जानकारीका लागि सुर्खेतका लागि सम्पर्क वरखु प्रसाद रजक (प्रमुख प्रशिक्षक) ९८५७०४९५५११ सल्यानका लागि सम्पर्क श्री लक्ष्मण थापा (प्रमुख प्रशिक्षक) ९८५६०१९५९० मा सम्पर्क गर्न सकिने छ ।**

# आसमान नेपाल

## कर्णाली प्रदेश, सुर्खेत

(Build the Basics (BTB):

Improving Foundational Learning to Close the Learning Gap)

## अनुसूचीः १

## परियोजनाबारे जानकारी

१. परियोजनाको नाम : **Build the Basics (BtB)**

**२. कार्यान्वयन गर्ने संस्थाको नाम र ठेगानाः**

**क) स्ट्रीट चाइल्ड अफ नेपाल (Street Child of Nepal- SCoN), काठमाण्डौ**

**Street Child** सन् २००८ मा स्थापना भएको एउटा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था हो, जसले एशिया ,अफ्रिका र पुर्बी युरोप का २० भन्दा बढी देशहरूमा काम गर्छ। प्रत्येक बालबालिकालाई शिक्षामा अर्थपूर्ण पहुँच सुनिश्चित गर्न स्ट्रीट चाइल्डले स्थानीय संस्थाहरूसँग काम गर्छ। सन् २०१५ मा स्थापित **Street Child of Nepal** सामाजिक कल्याण परिषदसँग आबद्ध भई नेपालका सीमान्तकृत ग्रामीण र शहरी समुदायका बालबालिकालाई विभिन्न कार्यक्रम मार्फत शिक्षा प्रदान गर्दै आइ रहेको छ।

**ख) आसमान नेपाल , जनकपुरधाम , धनुषा**

आसमान नेपाल बाल अधिकारको संरक्षण तथा प्रबर्द्धन गर्ने उदेश्यले धनुषा जिल्लामा सन् १९९९ ( वि.सं.२०५६) मा स्थापित एक मुनाफारहित सामाजिक संस्था हो । यसले आफ्नो स्थापना कालदेखी नै बालबालिकाहरुको हक अधिकार सुनिश्चितत्ताका लागि काम गर्दै आइरहेको छ । विगतका दुई दशक भन्दा बढी समयदेखि समुदाय परिचालन मार्फत नागरिकहरुको जीवनस्तरमा सुधारको लागि काम गर्दै आइरहेको यस संस्थाले शिक्षा/बाल संरक्षण, महिला सशक्तिकरण, जीविकोपार्जन/प्राकृतिक स्रोत ब्यबस्थापन, विपद् जोखिम न्यूनीकरण, स्वास्थ्य/पोषण र सुशासन लगायतका ६ विषयगत क्षेत्रहरु अन्तर्गत १९ भन्दा बढी जिल्लाहरुमा काम गरिरहेको छ ।

**३. सहयोगि संस्था :** **Hempel Foundation**

**४. परियोजनाको अवधि :** वि.सं. १ आश्विन २०८० देखि ३० भाद्र २०८१ सम्म (सन १८ सेपटेम्बर २०२३ देखि १६ सेप्टेम्वर २०२३ सम्म)

**५. कार्यक्रमको पृष्ठभुमि तथा उद्देश्यहरु**

Build the Basic परियोजना ३०,००० भन्दा बढी बालबालिकाको सिकाइको स्तरमा आएको कमीलाई आपुरण गर्न नेपालका ६०० विद्यालयहरूमा १८०० शिक्षकहरूमार्फत निरन्तर, गुणस्तरीय शिक्षण प्राप्त गर्न द्रुत र अनुकूल शिक्षाको एकीकृत कार्य हो।यस परियोजना नेपाल सरकार शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयले विकास साझेदार संस्थाहरुको सहकार्यमा Recovery and Accelerated Learning- ReAL_ Plan को विकास गरेको बिद्यालय शिक्षा क्षेत्र योजना ( SESP, २०२२ /२३ - २०३१ /३२ ) लाइ टेवा पुर्याउने हिसाबले संचालनमा रहने छ। पहिलो चरण अन्तर्गत बिधार्थीको आधारभूत भाषा तथा गणितीय सीप को विकास गर्न TaRL बिधि प्रयोग गर्न उल्लेख गरिएको छ।

Aasaman Nepal

✓Education

Teaching at the Right Level (TaRL) एक तथ्यमा आधारित  शैक्षिक पद्दति हो जसले  बालबालिकाहरुको आधारभूत पढाइ र गणित कौशल विकास गर्न मद्दत गर्दछ । नेपाल सरकार अन्तर्गत शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले विश्व बैंकको आर्थिक सहयोग, स्ट्रिट चाईल्ड अफ नेपालको नेतृत्वमा आसमान नेपाल संगको सहकार्यमा धनुषा, धदिङ्ग र सल्यान जिल्लाका ६४ वटा बिद्यालयमा परिक्षण गरेको थियो जसको नतिजा अनुसार बिद्यार्थीको सिकाइ स्तरमा निकै सुधार भएको पाइएको थियो, जसलाई  निरन्तरता दिने उदेश्यले यो Build the Basic परियोजना लागू हुनेछ

## ५.१. परियोजनाको लक्ष्य र मूल ध्येय :

बालबालिकाहरुको सिकाई उपलब्धीमा आएको ह्रासलाई घटाउँदै समतामूलक र गुणस्तरिय शिक्षामा अभिबृद्धिको लागि सहयोग गर्नु ।

## ५.२ परियोजनाको उदेश्यहरु:

**उदेश्य १:** बालबालिकाको आधारभूत सिकाइ परिणामहरुलाई सुधार गर्न बिद्यार्थी केन्द्रित सिकाइ पद्वत्ती स्थापित गरि कार्यान्वयन गर्ने ।

**उदेश्य २:** शिक्षकको अधिकत्तम क्षमत्ताद्वारा बालबालिकाको सिकाइ परिणामलाई सुधार गर्न बलियो विद्यालय प्रणालीको स्थापना गर्ने ।

**उदेश्य ३:** दीर्घकालिन गुणस्तरीय सिकाइको लागि तथ्यर प्रमाणमा आधारित पैरवी संचालन गर्ने ।

## ५.३ लक्षित/लाभान्वित समुह :

- मधेश तथा कर्णाली प्रदेशका कक्षा ३ देखी ५ का ३६,००० बालबालिकाहरुको सिकाइ क्षत्ती/हानीलाई न्यूनिकरण गर्दै अनुकुलन अवस्थामै सिकाइ उपलब्धी प्रबर्द्धन गर्नु हो । जसको लागि १८०० शिक्षकहरु, विद्यालय व्यवस्थापन समिति, १५० प्रशिक्षक/सल्लाहकार (**Mentor**) एवं ८० जना सरकारका प्रतिनिधिहरुसम्म पहुँच हुने छ ।

## ५.४ परियोजनाको अपेक्षित कियाकलाप तथा उपलब्धीहरु:

- परियोजनासंग सम्बन्धित सरोकारवालाहरुसंग समन्वयनात्मक शुरुवाती बैठक संचालन गर्ने ।
- परियोजनाबारे अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।
- शिक्षक, प्रशिक्षक/सल्लाहकार (**Mentor**) तथा सरकारका प्रतिनिधिहरुलाई **Teaching at the Right Level** बिषयमा ८ दिने तालिमको आयोजना गर्ने ।
- कार्यक्षेत्रभित्रका विद्यालयहरुलाई शैक्षिक सामग्रीहरु सहयोग गर्ने ।
- कार्यक्षेत्रभित्रका विद्यालयहरुलाई शैक्षिक परामर्श सहयोग उपलब्ध गराउने ।
- शैक्षिक गुणस्तरीयत्ता कायम गर्न सहयोगात्मक अनुगमन एवं मूल्यांकन गर्ने ।
- विद्यालय सुधार योजना तर्जुमा गर्न आवश्यक प्राविधिक सहयोग गर्ने ।
- जिल्ला/पालिका स्तरीय सरकारी प्रतिनिधीहरु, शिक्षक, पत्रकार, नागरिक समाजहरुको  सहभागित्तामा परामर्श बैठक संचालन गर्ने ।
- परियोजनासंग सम्बन्धित राम्रा अभ्यासहरुको अभिलेखिकरण र प्रकाशन गरि सूचना एवं जानकारीहरु आदान प्रदमन गर्ने ।
- परियोजनासंग सम्बन्धित प्रतिवेदनहरु आवश्यक सरोकारवालाहरुलाई उपलब्ध गराउने ।

६ कार्यनीति सिद्धान्तहरु :

- शिक्षामा सबै बालबालिकाहरुको पहुँच र निरन्तरताका लागि स्थानीय एवं प्रदेश सरकार, नागरिक समाज, वि.व्य.स, शि.अ.स, शिक्षकहरु संग सहकार्य तथा समन्वय गर्ने, साथै अभिभावकहरु संग नियमित सहकार्य तथा समन्व्य गर्ने ।

७ सिद्धान्तहरु :

- सबै बालबालिकाहरु अनिवार्य रुपमा पुरा समय औपचारिक बिद्यालयमा जानु पर्दछ ।
- विद्यालयभन्दा बाहिरका कुनै पनि बालबालिका बालश्रमिक हुन ।
- बालबालिकाहरुको लागि सबै काम श्रम जोखिमपूर्ण हो, यसले उनीहरुको सर्वाङ्गिण विकासमा असर पार्दछ ।
- सबै बालबालिकाहरु बालश्रमबाट मुक्त हुनै पर्दछ ।
- बालश्रमलाइ बढावा दिने कुनै पनि कार्य र तर्क स्वीकार्य हुँदैन ।

Aasaman Nepal
✓ Education
✗ Child Labor

# अनुसूचीः २

# Palika Level Teaching and Learning Mentor
# (पालिका स्तरीय सिकाई सल्लाहकार) – 1

## Job Description (कार्य जिम्मेवारी)

**तोकिएको पालिका अन्तर्गतका विद्यालयहरुमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मंन्त्रालयले कार्यान्वयनमा ल्याएको Real plan को उद्देश्यहरु परिपुर्ति गर्न देहायका काम गर्ने गराउने ।**

- Real plan अन्तर्गतका शैक्षिक दृष्टिकोण अनुसार Teaching at the Right Level (TaRL) शिक्षण विधि र पाठ्यक्रम ढाँचा बारे गहिरो बुझाई राखि विद्यालय तथा पालिका स्तरमा कार्यक्रम अभिमुखिकरणका लागि सहयोग गर्ने ।
- विद्यार्थीहरुको नियमित सिकाई स्तर मुल्यांकन गर्न र नतिजाको विश्लेषण गरि कमीकमजोरी पहिल्याउन र सिकाई स्तर अनुसारको समूह विभाजन गरि उचित शैक्षणिक गतिविधि र शैक्षिक सामग्रीहरु प्रयोग गरी उपचारात्मक कक्षा संचालन गर्न सहयोग गर्ने ।
- TaRL निर्देशिकासँगै राष्ट्रिय पाठ्यक्रम सहितको वृहत पाठ योजनाहरु निर्माण गरि कक्षाकोठाको व्यवस्थापन र शिक्षण सिकाई अभ्यास गर्न र विद्यार्थीहरुको संलग्नतामा स्तर मापन कार्यमा सहयोग गर्ने ।
- शिक्षकहरुलाई प्रभावकारी शिक्षण रणनीति, विधि, निर्देशात्मक स्रोत, आवश्यक सामग्रीहरु, शिक्षण सीप र नविन विद्यार्थी केन्द्रित शिक्षण अभ्यासहरु लागु गर्न मद्दत गर्ने ।
- शिक्षकहरुलाई रचनात्मक प्रतिकृया, सुधार गर्ने क्षेत्र तोक्नुको साथै सुधारका रणनीति, शिक्षकहरु बिचको सहकार्यलाई बढावा दिने, उत्कृष्ट अभ्यास र अनुभवहरुलाई साँझा गर्ने ।
- शिक्षकहरुको व्यवसायिक विकासका आवश्यकताहरु पहिचान गरि शिक्षक विकासका विद्यालय प्रशासक, शिक्षा अधिकारी र स्थानीय पालिकाको सहयोगमा प्रशिक्षण, गोष्ठि, कार्यशाला तथा अन्तरकृया संचालन गर्न सहयोग गर्ने ।
- विद्यालय, समुदाय र अन्य सरोकारवालाहरुसँग नियमित बैठक, अन्तरकृया र प्रशिक्षण मार्फत कार्यक्रम तथा कृयाकलापहरुको बारेमा जानकारी अदान-प्रदान गर्ने ।
- नेपाल सरकार शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालयको **ReAL Plan** मा उल्लेखित **Diagnostic Tool** को प्रयोग गर्न र विद्यार्थीहरुमा आएको सिकाई उपलब्धीको तथ्यांकहरु शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अभिलेख व्यवस्थापन गर्न सहयोग गर्ने ।
- TaRL Instructor सँग विभिन्न कृयाकलापको प्रगति, समस्या र चुनौती जानकारी गराउनुको साथै कार्यक्रमको प्रगती प्रतिवेदन तयार गरि उपलब्ध गराउने ।
- पालिका तथा संस्थाले समय-समयमा तोकि दिएको अन्य कार्य गर्ने ।

Aasaman Nepal
✓Education
✗ Child Labor

# अनुसूची: ३

## Palika Level Teaching and Learning Mentor
## (पालिका स्तरीय सिकाई सल्लाहकार) – 1

**Qualification and required skills (योग्यता र आवश्यक सीपहरु) :**

- शिक्षा बिषय लिएर १०+२ वा सोसरह अध्ययन गरी कम्तिमा २ बर्ष विशेष गरी शिक्षा परियोजनामा बालिका तथा समावेशी शिक्षा कार्यक्रमहरुको कार्य अनुभव भएको ।

**Languages (भाषाहरु):**

- नेपाली, अंग्रजी (मौखिक र लिखित) र स्थानीय भाषाको राम्रो ज्ञान भएको ।

**Age Limit (उमेर हद):**

- कामको प्रकृति अनुसार २१ देखि ४५ बर्ष सम्मका उम्मेदवारहरुले मात्र माथिको पदका लागि आवेदन दिन योग्य हुनेछन् ।

आसमान नेपाल जोखिममा रहेका नागरिक र बालबालिकाको शोषण र दुरव्यवहार प्रति शुन्य सहनशीलता कायम गरेको छ । हामी हाम्रा सबै कर्मचारी अथवा स्वयंसेवकहरुले बालबालिका, युवा र जोखिममा रहेका वयस्कहरुलाई हानि हुनबाट जोगाउन र हाम्रो सुरक्षा नीतिको पालना गर्दैछौ भनी सुनिश्चित गर्ने अपेक्षा गर्दछौं ।

अन्य विशेषताहरु: कामको उत्कृष्ट गुणस्तर र उच्च मापदण्ड प्रति प्रतिबद्धता, बलियो संचारकौशल, टोली निर्माण र इच्छाशक्ति, राम्रो सेवा प्रदान गर्न बलियो संजाल, पारस्परिक सीप, तनाव र आपतकालिन अवस्थामा सहज र राम्रो सेवा प्रदान गर्न उत्प्रेरित गर्ने ।

Aasaman Nepal
✓ Education
✗ Child Labor

# अनुसूची: ४

## Palika Level Teaching and Learning Mentor
## (पालिका स्तरीय सिकाई सल्लाहकार) – 1

**छनौटको प्रावधान:**

१. ५/७ दिनको सूचना निकाली दरखास्तको लागि निवेदन आव्हान गर्ने ।

२. आसमान नेपालको प्रतिनिधित्व हुने गरि ३ जनाको एक पदपूर्ति समिति चयन गर्ने ।

३. प्राप्त आवेदनहरुको छोटो सूची तयार गरि लिखित तथा मौखिक परिक्षा लिएर श्रेणीकरण गरी अन्तिम छनौटको लागि पालिका प्रमुखलाई सिफारिस गर्ने ।

४. यसरी छनौट भएको मेन्टर (सल्लाहकार) को पारिश्रमिक १ बर्षको अवधिको लागि परियोजनाको तर्फबाट आसमान नेपालबाट व्यहोरिने छ भने त्यस पछि पालिकाले व्यवस्थापन गर्नु पर्नेछ ।

५. स्थानीय, अनुभवी, महिला र सिमान्तकृत समुदायको उमेदवारलाई प्राथमिक्तामा राख्ने ।

६. छनौट भएको सिकाई सल्लाहकारलाई पालिकाले संस्थालाइ जानकारी गराउने र संस्थावाट नियुक्ति दिई कार्य संचालन गराउने ।

Aasaman Nepal
✓Education
✗ Child Labor